

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०५९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ ६ गते शुक्रबार ❑ 20 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल समाप्त

रासस
काठमाडौं, ५ जेठ

नयाँ जनप्रतिनिधिका लागि गत वैशाख ३० मा भएको निर्वाचनअन्तर्गत करिब २० प्रतिशत स्थानीय तहका मत परिणाम आउन बाँकी रहेका बेला संवत् २०७४ मा भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको कार्यकाल बिहीबार रातिदेखि समाप्त भएको छ।

देशभरका ७५३ पालिकाका ३५ हजार २२१ पदका लागि भएको निर्वाचनमा तुलनात्मकरूपमा बढी मतदाता रहेका महानगरपालिका र उपमहानगरपालिकाको मतगणना सकिन अझै केही दिन लाग्ने देखिएको छ । संविधानतः जनप्रतिनिधिमूलक स्थानीय तहमा पद रिक्तता हुन नहुने र पद रिक्त हुँदा सेवाग्राहीका काम प्रभावित भएमा के गर्ने भन्ने अन्योल देखिए पनि जेठ ५ गते अगावै निर्वाचन भइसकेकाले कानूनीरूपमा खास समस्या नपने र व्यावहारिक पक्षमा नेपाल सरकारले आवश्यक सहजीकरण गर्ने निर्वाचन आयोगले जनाएको छ। नेपालको संविधानको धारा २१४ अनुसार स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ र नगर कार्यपालिकामा निहित रहेको छ। संविधानको धारा २२५ मा गाउँसभा र नगरसभाको कार्यकाल पाँच वर्षको हुनेछ।

नेपालको संविधानको धारा २१५ उपधारा ९४० मा गाउँसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा ९५० बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुई जना सदस्य हुने व्यवस्था र धारा २१६ को उपधारा ९४० बमोजिम नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको पन्ध्र दिनभित्र नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा ९५० बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीन जना सदस्यसमेत नगर कार्यपालिकाको सदस्य हुने व्यवस्था रहेको छ।

त्यसैगरी निर्वाचित जनप्रतिनिधिमध्ये गाउँपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुख र जिल्ला समन्वय समितिको प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअगावै निर्वाचित भएको सात दिनभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको ढाँचामा सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने तथा गाउँपालिकाको उपाध्यक्ष, नगरपालिकाको उपप्रमुख, वडाअध्यक्ष, गाउँ तथा नगरसभाका सदस्य र जिल्ला समन्वय समितिका उपप्रमुख र सदस्यले अध्यक्ष वा प्रमुखले शपथ लिएको सात दिनभित्र तोकिएको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनुपने व्यवस्था छ । जेठ ५ गतेलाई स्थानीय तहका जनप्रतिनिधिको पदमा बहाल रहने अन्तिम मिति मानेर सो मितिसम्ममा वैशाख ३० मा सम्पन्न भएको मतदानको गणना कार्य सके ने गरी निर्वाचन आयोगले सम्बन्धित निर्वाचन अधिकृतलाई यसअघि नै आवश्यक निर्देशन प्रदान गरेको मा विभिन्न कारणले आजसम्ममा सम्पूर्ण स्थानीय तहमा मतगणना कार्य सम्पन्न हुन सकेको छैन । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले यथाशक्य बढीभन्दा बढी मतगणना टोली परिचालन गरी गणना कार्य सम्पन्न गर्न र गत वैशाख ३० गते मतदान स्थगित भई पुनः मतदान भएका मतदान केन्द्रको हकमा मतपेटिका प्राप्त भएको बढीमा चार दिनभित्र मतगणना कार्य सम्पन्न हुनेमा आयोग विश्वस्त रहेको बताउनुभयो । स्थानीय तह निर्वाचनअन्तर्गत हालसम्म ८० प्रतिशत तहको अन्तिम मत परिणाम सार्वजनिक भइसकेको छ। आयोगका अनुसार आज दिउँसो ३ः३० बजेसम्म ५७० स्थानीय तहको निर्वाचन परिणाम निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट भइसकेको छ। हालसम्म प्रमुखमा १७४, उपप्रमुखमा १७४, अध्यक्षमा ३९६, उपाध्यक्षमा ३९६, वडाध्यक्षमा पाँच हजार ६५९, महिला सदस्य पाँच हजार ६५३, दलित महिला सदस्य पाँच हजार ५५६ र वडासदस्यमा ११ हजार २९५ गरी कूल २९ हजार ३०३ उम्मेदवार निर्वाचित भएका छन् । आयोगले अबको पाँच दिनभित्र बाँकी पालिकाको गणना सकिने विश्वास लिएको छ । वैशाख ३० गते देशभरका ७५३ पालिकामध्ये दाङ जिल्ला तुल्सीपुर उपमहानगरपालिका-१७ र कपिलवस्तु जिल्ला महाराजगञ्ज नगरपालिकाबाहेक देशभरका सम्पूर्ण मतदान केन्द्रमा मतदान कार्य सञ्चालन भएको मा मतदानका क्रममा राजनीतिक दल तथा उम्मेदवारबीच विभिन्न कारणले विवाद उत्पन्न भई विभिन्न मतदान केन्द्रमा मतदान स्थगित हुन पुगेकामध्ये अधिकांशमा पुनः मतदान भइसकेको छ। अछामको साँफेबगरमा जेठ ६ गते पुनः मतदान हुने कार्यक्रम रहेको छ भने उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नम्बर १२ र बाजुरा जिल्ला बूढीगङ्गा नगरपालिकाको सम्बन्धमा आयोगबाट निर्णय हुन बाँकी छ। आयोगले निर्वाचन प्रक्रियामा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ तथा स्थानीय तह निर्वाचन ९मतदान० निर्देशिका, २०७८ र स्थानीय तह निर्वाचन ९मतगणना० निर्देशिका, २०७८ को व्यवस्थाको प्रतिकूल हुने गरी कार्य गर्ने कर्मचारीको विवरण पठाउने मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ। स्थानीय तह सदस्य निर्वाचनको सिलसिलामा देशका विभिन्न मतदानस्थलका मतदान केन्द्रमा भएका कानूनविपरीत गतिविधिमा संलग्नलाई कारबाही गर्न निर्देशन दिइएको छ। त्यस्ता गतिविधिमा संलग्नलाई तत्काल पक्राउ गरी निर्वाचन ९कसुर तथा सजाय० ऐन, २०७३ बमोजिम कारबाही गर्न नेपाल सरकार, गृहमन्त्रालयमार्फत ७७ जिल्लाका सबै जिल्ला प्रहरी कार्यालयलाई पनि आयोगले निर्देशन दिएको छ।

## पोखरा महानगरमा समाजवादीका आचार्यको मतान्तर बढ्दै

पोखरापत्र संवाददाता
पोखरा, ५ जेठ

स्थानीय तह निर्वाचन-२०७९ अन्तर्गत पोखरा महानगर पालिकाको मतगणना वैशाख ३१ गतेदेखि जारी छ।

पोखरा-७ सहिदचोकस्थित उपत्यका नगर विकास समिति र जिल्ला समन्वय समितिको सभाहलमा भइरहेको गणनामा बिहीबार साँझसम्म सत्तारुढ गठबन्धनबाट महानगर प्रमुखमा नेकपा(एकीकृत समाजवादी)का उम्मेदवार धनराज आचार्यले मतान्तर बढाउँदै जानुभएको छ।

यसैगरी उपप्रमुखमा नेपाली कांग्रेसका उम्मेदवार कोपिला रानाभाटको पनि केही मतको अग्रता छ। पोखरामा हालसम्म ५५ हजार २६७ मतगणनामा गठबन्धनबाट प्रमुखका उम्मेदवार आचार्यको दुई हजार ७२० मतान्तरले अघि हुनुहुन्छ।

आचार्यले २२ हजार ८५२ मत प्राप्त गरेर अग्रता कायम राख्दा उहाँका प्रत्यासी एमालेका कृष्ण थापाले २० हजार १३२ मतसहित पछ्याइरहनुभएको छ। यसैगरी राप्रपाका शङ्कर खरालले दुई हजार ३०४ र स्वतन्त्रका अटेरी उम्मेदवार गनेस पौडेलले एक हजार ३१२ मत प्राप्त गर्नुभएको छ।

उपप्रमुखमा कांग्रेसका कोपिला रानाभाट १४३ मतले अघि हुनुहुन्छ। रानाभाटले २३ हजार १६४ मत प्राप्त गर्दा एमालेका मञ्जुदेवी गुरुङको २३ हजार २१ मत छ। राप्रपाका रञ्जना सेनले दुई हजार ९९ मत प्राप्त गर्नुभएको छ। पोखरा महानगरका ३३ वडामध्ये हालसम्म १२ वटा वडाको अन्तिम मत परिणाम सार्वजनिक भएको छ । जसमा नेपाली कांग्रेसले नौ वडामा जीत हासिल गरेको छ भने एमालेले तीन वडा जितेको छ। नेपाली कांग्रेसले वडा नं २, ३, ४, १२, १३, २३, २४ ,२५ र २६ नं वडा जितेको छ। नेकपा(एमाले)ले वडा नं १, ५ र वडा नं ६ जितेको छ। हाल वडा नं ७, ८, ९, १४, २७, २८ र वडा नं २९ को गणना भइरहेको छ।

## अहिलेसम्म नगर प्रमुखमा पाँच र गाउँपालिका अध्यक्षमा ११ महिला निर्वाचित

रासस
काठमाडौं, ५ जेठ

स्थानीय तहको निर्वाचनमा अहिलेसम्मको परिणामअनुसार महिला नगरप्रमुखमा पाँच जना र गाउँपालिका अध्यक्षमा ११ जना निर्वाचित भएका छन्।

निर्वाचन आयोगका अनुसार अहिलेसम्म १७८ नगरपालिकामा प्रमुखमा निर्वाचित भएकामा नेपाली कांग्रेसबाट नगरप्रमुखमा दुई जना र नेकपा (एमाले)बाट तीन महिला मात्र नगरप्रमुखमा निर्वाचित हुनुभएको छ।

यस्तै ४०७ गाउँपालिकाको अध्यक्षमध्ये कांग्रेसबाट चार, एमालेबाट चार र नेकपा (माओवादी केन्द्र)बाट तीन जना महिला निर्वाचित हुनुभएको छ । यस्तै कूल १७७ नगर उपप्रमुखमध्ये महिला १४० जना निर्वाचित हुनुभएको छ। तीमध्ये कांग्रेसबाट ५६, एमालेबाट ६०, माओवादी केन्द्रबाट १०, नेकपा (एकीकृत समाजवादी)बाट पाँच र जनता समाजवादी पार्टी नेपाल (जसपा)बाट तीन जना नगर उपप्रमुखमा निर्वाचित हुनुभएको छ। यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)बाट र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट दुई/दुई जना, नेपाल मजदुर किसान र नागरिक उन्मुक्ति पार्टीबाट एक/एक जना उपप्रमुखमा निर्वाचित भएका छन् । यसैगरी ४०६ गाउँपालिका उपाध्यक्षमध्ये २८९ जना महिला निर्वाचित हुनुभएको छ । कांग्रेसबाट १२६, एमालेबाट ९८, माओवादी केन्द्रबाट ४४, जसपाबाट ११, नेकपा (एकीकृत समाजवादी)बाट दुई, लोसपाबाट तीन, राप्रपाबाट दुई तथा नागरिक उन्मुक्ति, जनमत पार्टी र विवेकशील साझा पार्टीबाट एक/एक जना गाउँपालिका उपाध्यक्षमा निर्वाचित हुनुभएको छ।

यस्तै महिला उम्मेदवार वडाध्यक्षमा ५७ जना निर्वाचित हुनुभएको आयोगले जनाएको छ । अहिलेसम्म पाँच हजार ७४७ जना वडाध्यक्षमा निर्वाचित भइसकेका छन् । यस्तै महिला सदस्यमा पाँच हजार ७४१, दलित महिला सदस्यमा पाँच हजार ६४३, सदस्यमा ३९५ जना महिला निर्वाचित भइसक्नुभएको छ । गत वैशाख ३० गते ७५३ स्थानीय तहको निर्वाचन भएको थियो।

## सुरक्षा समितिको बैठकमा निर्वाचन सुरक्षाबारे समीक्षा

रासस
काठमाडौं, ५ जेठ

गृहमन्त्री बालकृष्ण खाणको अध्यक्षतामा बिहीबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा गत वैशाख ३० मा एकै चरणमा मुलुकभर सम्पन्न स्थानीय तह निर्वाचनको सुरक्षा व्यवस्थापनबारे समीक्षा भएको छ।

निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न गर्न अहोरात्र खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, म्यादी प्रहरी र राष्ट्रसेवक कर्मचारीलाई बैठकले धन्यवाद दिएको छ। बैठकले निर्वाचनमा सक्रिय सहभागिताका लागि राजनीतिक दलप्रति पनि धन्यवाद व्यक्त गरेको गृहमन्त्रालयले जानकारी दिएको छ । निर्वाचन गराउने सिलसिलामा घाइते भएका सुरक्षाकर्मी तथा कर्मचारीको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने, निर्वाचनमा खटिएका बेलामा मृत्यु भएका नेपाल प्रहरी र म्यादी प्रहरीका परिवारमा दुःख व्यक्त गर्दै परिवारमा समवेदना व्यक्त गरेको छ। मन्त्रिपरिषद् बैठकको निर्णयबमोजिम निर्वाचनका क्रममा खटिँदा घाइते भएका सुरक्षाकर्मीलाई उपचार खर्च र मृत्यु भएकाका परिवारलाई राहत दिने प्रक्रिया सुरु गर्न सम्बन्धित निकायमा लेखी पठाउने निर्णय बैठकले गरेको छ।

स्थानीय तह निर्वाचनका क्रममा खटिएका पाँच म्यादी प्रहरी र एक प्रहरीको मृत्यु भएको बैठकमा जानकारी गराइएको थियो । मन्त्रिपरिषद् बैठकले निर्वाचनमा खटिएका बेला मृत्यु हुने सुरक्षाकर्मी र म्यादी प्रहरीका परिवारलाई जनही रु २० लाख दिने र घाइतेको उपचार खर्च बेहोर्ने निर्णय गरेको थियो। बैठकमा निर्वाचन सम्पन्न गर्न अहोरात्र खटिएका निर्वाचन आयोग, प्रमुखसहित आयुक्तहरु, मुख्य निर्वाचन अधिकृत भएर खटिएका न्यायाधीशहरुलाई पनि एकै चरणमा निर्वाचन सम्पन्न गर्न योगदान पुऱ्याएको भन्दै धन्यवाद व्यक्त गरिएको थियो। गृहप्रवक्ता फणीन्द्रमणि पोखरेलले बैठकमा अहिलेको निर्वाचनमा भएका कमजोरी र आगामी निर्वाचनमा सुधार गर्नुपर्ने विषयबारे परामर्श भएको बताउनुभयो।

## थोत्रो गाडीमा चालक परिवर्तन गर्दैमा रफ्तारले चल्दैन: सांसद चौधरी

रासस
काठमाडौं, ५ जेठ

नेपाली कांग्रेसका सांसद विनोद चौधरीले अहिले नेपालको अर्थतन्त्रमा समस्या देखिनुको पछाडि वर्तमान सरकारको कुनै पनि दोष नभएको टिप्पणी गर्नुभएको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा आगामी आर्थिक वर्षको विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका बारेमा आफ्नो धारणा राख्दै उहाँले अर्थतन्त्र बिग्रनुको पछाडि विगतका सरकारको खराब नीतिको परिणाम भएको बताउनुभयो । उहाँले भन्नुभयो, "थोत्रो गाडीमा ड्राइभर परिवर्तन हुँदैमा गाडी रफ्तारले चल्दैन । नेपालको खराब अर्थतन्त्र भयो भनेर अर्थमन्त्रीलाई दोष दिनुमा कुनै तुक छैन ।" वर्तमान सरकारले बजेट पनि नल्याएको सन्दर्भमा दोषमात्र लगाउने प्रवृत्ति गलत भएको उहाँको भनाइ छ । नेपालको अर्थतन्त्र खराब भएको भन्ने तर त्यसलाई लुकाउने प्रवृत्ति देखिएको तर्क गदै उहाँले भन्नुभयो, "हामीले दशौँ वर्षदेखि अर्थतन्त्र खराब भयो भनेर कराइरहेका छौँ । बजेट आउने बेलाबाहेक अन्य कुनै पनि समयमा अर्थतन्त्रको बारेमा कुनै छलफल नै हुँदैन ।" युवामा नैराश्यता आउनु सबैभन्दा ठूलो समस्या भएको तथ्य पेश गर्दै उहाँले हरेक दिन हजारौँ युवा विदेशिने अवस्थाको अन्त्यका लागि प्रयत्न गर्नुपर्ने बताउनुभयो । विदेश पढ्न जाने विद्यार्थीले वार्षिक अर्बौं रुपैयाँ लिएर गएको भन्दै उहाँले त्यसलाई रोक्न देशभित्रै सबल शैक्षिक संस्था निर्माण गर्नुपने बताउनुभयो। अघिल्लो सरकारले सात लाख युवालाई रोजगारी दिने घोषणा गरे पनि ७० हजारलाई त्यो पनि ११ दिन मात्रै दिएको उहाँको भनाइ थियो। हालैमात्र सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले उत्साह थपेको र केही समयभित्रै पोखरा विमानस्थल पनि सञ्चालनमा आउने तथ्य पेश गर्दै उहाँले भारत र चीनबाट ५० लाख पर्यटक भित्र्याउन सकिए बेरोजगारी समस्याको समाधान हुने बताउनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रमुखमा रहेका तीन महिला उम्मेदवार नै पराजित

**पोखरापत्र संवाददाता**
**वालिङ, ५ जेठ**

स्याङ्जामा तीन पालिका प्रमुख तथा अध्यक्षमा उम्मेदवारी दिएका तीन महिला पराजित हुनुभएको छ। एघार पालिकामध्ये स्याङ्जाको पुतलीबजार नगरपालिका, अर्जुनचौपारी गाउँपालिका र कालीगण्डकी गाउँपालिकाको प्रमुख तथा अध्यक्षमा उम्मेदवारी दिनुभएका तीन महिला पराजित हुनुभएको हो।

पुतलीबजार नगरपालिकाको प्रमुखमा पुनः सीमाकुमारी क्षेत्री, अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षमा चीनमाया गुरुङ र कालीगण्डकी गाउँपालिकाको अध्यक्षमा माया रानाले उम्मेदवारी दिनुभएको थियो। नेकपा एमालेबाट पुतलीबजार नगर प्रमुखमा उम्मेदवारी दिनुभएकी क्षेत्री यसअघि नगर प्रमुख हुनुहुन्थ्यो। विसं २०७४ को निर्वाचनमा नेपाली कांग्रेसका तुल्सीराम रेग्मीलाई पराजित गर्नुभएकी क्षेत्री अहिले रेग्मीबाट नै पराजित हुनुभएको हो।

नेपाली कांग्रेसकातर्फबाट उम्मेदवार बन्नुभएका रेग्मी १२ हजार ४९४ मत पाएर पुतलीबजारको नगर प्रमुखमा निर्वाचित हुनुभएको हो भने पराजित हुनुभएकी क्षेत्रीले १० हजार ९० मत प्राप्त गर्नुभयो।

त्यस्तै अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षमा उम्मेदवारी दिनुभएकी गुरुङ नेपाली कांग्रेसका प्रकाश तिवारीसित पराजित हुनुभएको हो। गाउँपालिकाको अध्यक्षमा विजयी तिवारीले पाँच हजार २९१ मत ल्याउँदा उहाँकी प्रतिस्पर्धी गुरुङले तीन हजार ३४७ मत ल्याउनुभयो। गुरुङ २०७४ मा गाउँपालिकाको उपाध्यक्षमा विजयी हुनुभएको थियो।

त्यस्तैगरी कालीगण्डकी गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसकातर्फबाट उम्मेदवारी दिनुभएकी राना एमालेका उम्मेदवार खिमबहादुर थापासित पराजित हुनुभएको छ। अध्यक्षमा विजयी हुनुभएका थापा छ हजार ७०० मत ल्याएर विजयी हुँदै गर्दा राना पाँच हजार ५५ मत ल्याएर पराजित हुनुभयो।

विसं २०७४ को निर्वाचनमा थापा गाउँपालिकाको अध्यक्षमा विजयी हुनुभएको थियो। यो उहाँको दोस्रो कार्यकाल हो। यसअघिको निर्वाचनमा स्याङ्जाको पुतलीबजार नगरपालिकामा क्षेत्रीमात्रै एकल महिला उम्मेदवार बनी विजयी भए पनि यसपटक क्षेत्री, गुरुङ र राना तीन जना हुनुहुन्थ्यो तर तीनै जना अनुमोदित हुन सक्नुभएन।

# वरिष्ठ नेता पौडेलद्वारा बधाई तथा शुभकामना व्यक्त

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ जेठ**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले शुक्लागण्डकी नगरपालिकाको प्रमुखमा विजयी कृष्णराज पण्डितलाई बधाई दिनुभएको छ।उहाँले पण्डितको कार्यकालको सफलताको कामना पनि व्यक्त गर्नुभयो।

जिल्लाको व्यासनगरपालिका पछिको ठूलो उक्त नगरपालिकाको प्रमुखमा बुधबार साँझ भारी मत फरकले पण्डित विजयी हुनुभएको हो।

शुक्लागण्डकीमा नेपाली कांग्रेस र नेकपा माओबादी केन्द्रबीच गठबन्धन भएकामा प्रमुख र उपप्रमुख दुबै पदमा गठबन्धन विजयी भएका छन्। कुल खसेको पच्चीस हजार सात सय अन्ठाउन मतमध्ये विजयी पण्डितले बाह्र हजार दुई सय त्रिसठ्ठी मत ल्याउनुभयो भने उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका मुक्ति तिम्सेनाले नौ हजार ८४३ मत प्राप्त गर्नुभयो।

त्यसैगरी उपाध्यक्षमा नेकपा माओवादी केन्द्रका खुमबहादुर बिक (राजु)ले दश हजार २९६ मत ल्याएर विजयी हुनुभएकामा उहाँका निकटतम प्रतिस्पर्धी नेकपा एमालेकी फुलमाया वाग्लेले नौ हजार ९५७ मत पाउनुभएको मतदान अधिकृत सरीता रायमाझीले जानकारी दिनुभयो।

कूल मतदाता ३८ हजार ३१५मतमध्ये १९३ मत बदर भएको थियो। त्यसैगरी वडा नं १ मा नेपाली कांग्रेसका रविचन्द्र पौडेलले एकहजार ११३,वडा नं २ मा कांग्रेसका सुमनबहादुर रानामगरले ९२५, वडा नं ३ मा कांग्रेसका सचिन भुजेलले ८३६, वडा नं ४ मा कांग्रेसका राजकुमार वाग्लेले ७७८, वडा नं ५ मा एमालेका दीर्घबहादुर थापाले एकजार २१९, वडा नं ६ मा एमालेका बुद्धिबहादुर थापाले एकहजार २७३ मत ल्याएर विजयी हुनुभएको थियो। त्यसैगरी,वडा नं ७ मा नेपाली कांग्रेसका खड्कसिं थापा,वडा नं ८ मा एमालेका नारायणसिं थापा १२८१,वडा नं ९ मा एमालेका धनबहादुर पुलामी ७४०,वडा नं १० मा माओवादी केन्द्रका राजेन्द्र भट्टराई क्षेत्री ९२५,वडा नं ११ मा एमालेका शालिकराम भट्टराई १०३८ र वडा नं १२ मा एमालेका इन्द्र गुरुङ विजयी हुनुभयो।

# रगत अभावमा पोखरामा रक्तदान सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ जेठ**

पोखरामा रगतको अभाव बढ्दै गएपछि सिर्जना विकास केन्द्र पोखराले बुधबार पोखरामा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि रक्त सञ्चार केन्द्र पोखराका प्रमुख अर्जुन प्रसाद ज्ञवालीले केन्द्रका अध्यक्ष इन्द्र प्रसाद पौडेललाई ब्लड ब्याग हस्ताण्तरण गरी शुभारम्भ गर्नुभयो। सो अवसरमा बोल्दै ज्ञवालीले गत वैशाख २६ गतेदेखि पोखरामा रक्तदान कार्यक्रम नियमित नहुदा पोखरामा रगतको अभाव हुदै गएकाले रक्तदान कार्यक्रम आयोजना गर्न सबै आग्रह गर्नुभयो। संस्थाका अध्यक्ष इन्द्र प्रसाद पौडेलले लामो समयदेखि सामाजिक सेवामा क्रियाशिल संस्थाले मानवीय संवेदनासँग जोडिएको रक्तदान कार्यक्रम गर्न पाउनु आफैमा स्मरणीय भएको बताउँदै कार्यक्रममा सहयोग गर्नेप्रति धन्यवाद दिनुभएको थियो।

रगत अभाव पूर्ति गर्न गणतन्त्र दिवसको अवसर पारेर केन्द्रले कार्यक्रम आयोजना गरेको रक्तदान अभियन्ता तथा केन्द्रका उपाध्यक्ष कृष्ण थापाले बताउनुभयो।

६६ पोइन्ट रगत संकलन भएको कार्यक्रममा संस्थाका पूर्व अध्यक्ष गणेश बहादुर अधिकारी, विश्वकुमार विजुक्षे, अर्जुन श्रेष्ठ, मिन प्रसाद भट्राई, कोषाध्यक्ष कृष्णमान ठुसाजु, कार्यक्रम संयोजक अशोक श्रेष्ठ, महासचिव चन्द्र गिरी लगायतका वक्ताहरुले आआफ्ना भनाई राख्नुभएको थियो। संस्थाका अध्यक्ष इन्द्र प्रसाद पौडेलको सभापतित्वमा सम्पन्न भएको थियो।

यसैबिच पोखरामा रगत अभाव बढ्दै गएकाले विहीबार रेडियो सराङ्गकोट, सृजना विकास केन्द्र, जाल्पादेवी महिला समूह तथा आकस्मिक रक्तदान समूह पोखराको संयुक्त आयोजनामा पोखराको महेन्द्रपुलमा बृहत रक्तदान कार्यक्रम आयोजना गरिने भएको छ।

पोखराको रगत अभावलाई केही हदसम्म भएपनि कम गर्न रक्तदान कार्यक्रम आयोजना गरिएको र कार्यक्रममा सबैलाई सहभागी भई रक्तदान गर्न कार्यक्रम संयोजक तथा रेडियो सराङ्गकोट पोखराका स्टेशन प्रमुख योगेन्द्र श्रेष्ठले आग्रह गर्नुभयो।

# मनाङमा निर्वाचित अध्यक्षले लिए शपथ

**पोखरापत्र संवाददाता**
**मनाङ, ५ जेठ**

सबैभन्दा कम जनसंख्या भएको हिमाली जिल्ला मनाङमा स्थानीय तह निर्वाचनमा निर्वाचित अध्यक्षले शपथ लिएका छन्। चार गाउँपालिका रहेको मनाङमा उक्त निर्वाचनमा मिश्रित नतिजा आएको थियो। दुई पालिकामा नेकपा (एमाले) तथा दुई पालिकामा नेपाली कांग्रेसले जित हासिल गरेका हुन्।

एमालेबाट निर्वाचित चामे गाउँपालिका अध्यक्ष लोकेन्द्रबहादुर घले र मनाङ डिस्याङ गाउँपालिका अध्यक्ष कान्छा घलेले शपथ लिनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। त्यस्तै कांग्रेसबाट निर्वाचित नार्पाभूमि गाउँपालिका अध्यक्ष कोन्जो तेन्जिङ लामा र नासों गाउँपालिका अध्यक्ष धनबहादुर गुरुङले शपथ लिनुभएको छ। एमाले तथा कांग्रेसबाट निर्वाचित अध्यक्षहरुले फरक-फरक दिनमा शपथ लिएको जनाइएको छ।

त्यसैगरी पालिका अध्यक्षहरुले शपथ लिएसँगै वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र खुला सदस्यले पनि बुधबार शपथ लिएका छन्। शपथ लिएसँगै पालिका तथा वडामा कार्यको थालनी गरिएको नासों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले बताउनुभयो।

# नागरिकता विधेयकबारे अध्यक्ष दाहालसँग छलफल

**रासस**
**काठमाडौं, ५ जेठ**

नागरिकता विधेयकका सम्बन्धमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवम पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग गृहमन्त्री बालकृष्ण खाण र कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा 'कोइराला'ले भेटवार्ता गर्नुभएको छ।

ललितपुरको खुमलटारस्थित अध्यक्ष दाहाल निवासमा आज बिहान भएको भेटमा समसामयिक राजनीतिक विषय, सङ्घीय संसद् सञ्चालन र सरकारले संसद्मा पेस गर्न लागेको विभिन्न विधेयकबारे छलफल भएको गृहमन्त्री खाणको भनाइ उद्धृत गर्दै उहाँको सचिवालेले जनाएको छ। प्रतिनिधिसभाको जारी अधिवेशनमा राजनीतिक दलहरूबीचको सहमतिमा नागरिकता विधेयक पेस गर्ने विषयमा पनि छलफल भएको छ।

यसअघि पनि गृहमन्त्री खाणले नागरिकता विधेयकबारे पटक-पटक दलहरूसँग छलफल गर्नुभएको थियो। सरकारले दलीय सहमतिमा नागरिकता विधेयक संसद्मा पेस गर्ने तयारी गरेको छ।

# असी प्रतिशत तहको गणना सम्पन्न

**पोखरापत्र संवाददाता**
**काठमाडौं, ५ जेठ**

स्थानीय तह निर्वाचनअन्तर्गत हालसम्म ८० प्रतिशत तहको अन्तिम मत परिणाम सार्वजनिक भइसकेको छ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार बिहीबार दिउँसो ३:३० बजेसम्म ५७० स्थानीय तहको निर्वाचन परिणाम निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट भइसकेको छ। हालसम्म प्रमुखमा १७४, उपप्रमुखमा १७४, अध्यक्षमा ३९६, उपाध्यक्षमा ३९६, वडाध्यक्षमा पाँच हजार ६५९, महिला सदस्य पाँच हजार ६५३, दलित महिला सदस्य पाँच हजार ५५६ र वडा सदस्यमा ११ हजार २९५ गरी कूल २९ हजार ३०३ जना उम्मेदवार निर्वाचित भएका छन्।

आयोगले अबको पाँच दिनभित्र बाँकी पालिकाको गणना सकिने विश्वास लिएको छ।


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

सुक्खा याम तथा खडेरीको मौसममा वन डढेलो लागी वन पैदावार, वन्यजन्तु तथा पंक्षीसमेतलाई हानी-नोक्सानी पुऱ्याई समग्र वातावरणमा नकारात्मक असर पर्न सक्ने सम्भावना भएकोले सुक्खायाम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ नगर वरिपरिको वन क्षेत्रलाई वन डढेलोबाट जोगाइ वन संरक्षण तर्फ अग्रसर हुन अनुरोध छ। कथंकदाचित वन डढेलो लागी हालेमा वन उपभोक्ता समूह लगायतका सम्बद्ध पक्षहरु मिली तत्काल नजिकको वन कार्यालय तथा सुरक्षा निकायमा वन डढेलोको सूचना गर्ने तथा श्रोत र साधनले भ्याएसम्म सम्वन्धित सबै पक्षसँग सहकार्य गरी वन डढेलो तत्काल निभाउन प्रयत्न गर्नुहुन समेत हार्दिक अनुरोध छ।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
**सम्पर्क नः** ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०
**इमेलः** moitfe4@gmail.com

## चट्याङको समयमा सतर्क रहौं।

***चट्याङबाट बच्ने उपायः***

- *बिजुली चम्केको बेला सतर्क रहने,*
- *विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,*
- *बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,*
- *सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,*
- *खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,*
- *सकभर अग्लो स्थानमा नबस्ने,*
- *धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने,*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाट्टुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# रक्तदान अभियान चलाऔं

पोखरामा अत्यावश्यक रगतको अभाव देखिन थालेको छ। चुनावका समयमा सबै ब्यस्त भएको बेला रगतको अभाव भएको रक्त संचारले जनाएको छ । निर्वाचनका समयमा विभिन्न संघ संस्थाले आयोजना गर्ने रक्तदानका कार्यक्रम रोकिएपछि नेपाल रेडक्रस सोसाइटी कास्कीअन्तर्गतको क्षेत्रीय रक्तसञ्चार केन्द्र पोखरामा रगत अभाव भएको छ । केन्द्रमा रगत अभाव हुन थालेपछि अस्पतालमा उपचाररत बिरामीलाई आपूर्तिमा कठिनाइ हुन थालेपछि आकस्मिक रक्तदान कार्यक्रम आयोजना गरेको छासामाजिक संघ संस्थाले पोखरामा रगतको अभाव हुन नदिन बेला वेलामा रक्तदान गर्दै आएका छन ।

सिर्जना विकास केन्द्रको आयोजना र रक्त सञ्चार केन्द्रको समन्वयमा पोखरा महानगरको मतगणना भइरहेको शहीदचोकस्थित उपत्यका नगर विकास समिति भवन अगाडि गरिएको कार्यक्रमबाट ६६ युनिट रगत संकलन भयो । रक्तदान गर्ने जहाँ सचेत नागरिक जम्मा हुन्छन त्यहाँ गर्नु उचित हो । क्षेत्रीय रक्त सञ्चार केन्द्र पोखरामा वैशाख २६ गतेदेखि नियमित रक्तदान कार्यक्रम नहुँदा केन्द्रमा रगत अभाव भएको छात्यही भएकोले आकस्मिक कार्यक्रम गर्नुपरेको रक्तसञ्चार केन्द्रको भनाइ छा अभावका समयमा व्यक्ति तथा संस्थाले कार्यक्रम आयोजना गरेर रगत उपलब्ध गराउनसमेत रक्तसञ्चार केन्द्रले आग्रह गरेको छ।

ञमानिस स्थानीय चुनावमा व्यस्त भए, चुनावपछि पनि परिणाम कुर्दा संघ संस्थाले गर्ने रक्तदानका कार्यक्रम नियमित हुन सकेनन् । अहिले रगतको अभाव भएपछि सबैलाई सहयोग गर्न रक्तसञ्चार केन्द्रले आकस्मिक कार्यक्रम जारी राखेको छ । रक्तसञ्चार केन्द्रले अहिले रगत छैन भनेपछि सबैबाट सहयोग प्राप्त भएकाले हाहाकारको अवस्था भने नरहेको जनाएको छ । सहज आपूर्तिका लागि दैनिक कार्यक्रम हुनुपर्छ ।

सिर्जना विकास केन्द्रका अध्यक्ष इन्द्रप्रसाद पौडेलले गणतन्त्र दिवसका अवसरमा संस्था बर्सेनि खुला रक्तदान कार्यक्रम गर्ने गरे पनि अहिले रगत अभाव भएको जानकारी प्राप्त भएपछि नियमित कार्यक्रम अघि सारिएको बताए । गण्डकी प्रदेशको राजधानीसमेत रहेको पोखरामा दैनिक ७० देखि ८० युनिट रगत आवश्यक पर्ने रक्तसञ्चार केन्द्रले जनाएको छ । प्रदेशका अन्य जिल्लाबाट समेत यहाँका अस्पतालमा बिरामी उपचारका लागि सिफारिस भएर आउने भएकाले रक्तदान आवश्यक भएको छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : मन चञ्चल |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस्।

# किसानलाई सबल बनाउने बजेटको खोजीमा सांसद

**रासस**
**काठमाडौं, ५ जेठ**

सबै स्थानीय तहमा किसानलाई सबल बनाउने खालको कार्यक्रम ल्याउन जरुरी रहेकामा सांसदहरूले जोड दिनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा आगामी आर्थिक वर्षको विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्तका बारेमा आफ्नो धारणा राख्दै सांसदहरूले किसानका उत्पादनलाई बजारीकरण गर्न, भूउपयोग नीति अगाडि बढाउन र बाँझो जमीनको उपयोगमा ध्यान दिन सरकारलाई सुझाव दिनुभयो।

स्वास्थ्य र शिक्षालाई अलि बढी ध्यान दिन जरुरी रहेको भन्दै उहाँहरुले शिक्षामा सामुदायिक शिक्षालाई बजेटले सम्बोधन गर्नुपर्ने, दुर्गममा पनि अस्पताल सञ्चालन गनुपर्नेमा जोड दिनुभएको छ।

आगामी बजेटले तय गरेका विषय ठीक भए पनि कार्यान्वयन जरुरी रहेको स्पष्ट पार्दै उहाँहरुले उत्पादन बढाउनका लागि मल, बीउ र सिँचाइको राम्रो प्रबन्ध गर्नुपर्ने धारणा राख्नुभयो।

# मर्स्याङ्दीमा पुन : एमाले

**पोखरापत्र संवाददाता**
**लमजुङ, ५ जेठ**

मनाङ जिल्लासँग सिमाना जोडिएको मर्स्याङ्दी गाउँपालिकाको अध्यक्षमा पुनः नेकपा (एमाले)का अर्जुन गुरुङ निर्वाचित हुनुभएको छ । सत्ता गठबन्धनतर्फ नेपाली कांग्रेसका उम्मेदवार लोकनाथ घिमिरेलाई एक हजार ७६१ फराकिलो मतअन्तरले हराउँदै गुरुङ पुनः अध्यक्षमा निर्वाचित हुनुभएको हो।

निर्वाचिन अधिकृत उदयराज काफ्लेका अनुसार विजयी गुरुङले ६ हजार १३० मत प्राप्त गर्नुभएको छ भने, उहाँको प्रतिद्वन्द्वी कांग्रेसका घिमिरेले चार हजार ३६९ मत प्राप्त गर्नुभयो । यसअघि ५ वर्ष गाउँपालिका अध्यक्षमा रहनुभएका गुरुङ पुन : अध्यक्ष बन्न सफल हुनुभएको छ। विसं २०७४ को स्थानीय तह निर्वाचनमा एमाले-माओवादी केन्द्रको गठबन्धनबाट एमालेका गुरुङले कांग्रेस उम्मेदवार नरबहादुर गुरुङलाई ९०२ मतले हराउनुभएको थियो । तर अहिले कांग्रेस, माओवादी केन्द्र लगायतको गठबन्धनलाईपछिपार्दै एक्लै लडेको एमालेले मर्स्याङ्दीमा जित हासिल गरेको छ । यस गाउँपालिकाको उपाध्यक्षमा एमालेकी जुनामाया थापाले गठबन्धनका उम्मेदवार अजय तामाङलाई एक हजार ८८५ मतअन्तरले पछि पार्दै विजयी हुनुभएको छ। उहाँले पाँच हजार ८९५ मत प्राप्त गर्नुभयो भने, उहाँका प्रतिद्वन्द्वी तामाङले चार हजार १० मत प्राप्त गर्नुभयो । त्यस्तै, यस पालिकामा ९ वडा रहेकोमध्ये पाँच वडामा एमालेले जितेको छ भने, ४ वडामा गठबन्धनतर्फबाट कांग्रेसले जितेको छ । एमालेका उम्मेदवारतर्फ वडा नं १ मा रुद्रमान गुरुङ, वडा नं २ मा चेतबहादुर गुरुङ, वडा नं ३ मा दूतमान तामाङ, वडा नं ७ मा तिलबहादुर गुरुङ र वडा नं ८ मा धनसिंह तामाङ वडाअध्यक्षमा निर्वाचित हुनुभएको छन । त्यस्तै, कांग्रेसबाट वडा नं ४ मा बलबहादुर गुरुङ, वडा नं ५ बाट घनश्याम घले, वडा नं. ६ बाट मीनराशी गुरुङ र वडा नं ९ बाट हरिबहादुर थापा वडाध्यक्षमा निर्वाचित हनुभएका छन् । यस गाउँपालिकामा १५ हजार १४० कुल मतदातामध्ये १० हजार ८८१ मत खसेको थियो।

# मनाङमा निर्वाचित अध्यक्षले लिए शपथ

**पोखरापत्र संवाददाता**
**मनाङ, ५ जेठ**

सबैभन्दा कम जनसङ्ख्या भएको हिमाली जिल्ला मनाङमा स्थानीय तह निर्वाचनमा निर्वाचित अध्यक्षले शपथ लिएका छन् । चार गाउँपालिका रहेको मनाङमा उक्त निर्वाचनमा मिश्रित नतिजा आएको थियो ।

दुई पालिकामा नेकपा (एमाले) तथा दुई पालिकामा नेपाली कांग्रेसले जित हासिल गरेका हुन् । एमालेबाट निर्वाचित चामे गाउँपालिका अध्यक्ष लोकेन्द्रबहादुर घले र मनाङ डिस्याङ गाउँपालिका अध्यक्ष कान्छा घलेले शपथ लिनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

त्यस्तै कांग्रेसबाट निर्वाचित नार्पाभूमि गाउँपालिका अध्यक्ष कोन्जो तेन्जिङ लामा र नासों गाउँपालिका अध्यक्ष धनबहादुर गुरुङले शपथ लिनुभएको छ । एमाले तथा कांग्रेसबाट निर्वाचित अध्यक्षहरूले फरक-फरक दिनमा शपथ लिएको जनाइएको छ।

त्यसैगरी पालिका अध्यक्षहरूले शपथ लिएसँगै वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र खुला सदस्यले पनि बुधबार शपथ लिएका छन् । शपथ लिएसँगै पालिका तथा वडामा कार्यको थालनी गरिएको नासों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले बताउनुभयो।

# सुन्दरबजार र मध्यनेपालमा कांग्रेस विजयी

**पोखरापत्र संवाददाता**
**लमजुङ, ५ जेठ**

जिल्लाका सुन्दरबजार नगरपालिका र मध्यनेपाल नगरपालिकामा गठबन्धनका तर्फबाट नेपाली कांग्रेस विजयी भएको छ।

निर्वाचन अधिकृत कार्यालयका अनुसार सुन्दरबजारमा कांग्रेसका कृष्णप्रसाद कोइराला र मध्यनेपालमा रमेशकुमार पाण्डे निर्वाचित हुनुभएको हो।

सुन्दरबजारमा नवनिर्वाचित कोइरालाले ६ हजार ६४१ मत प्राप्त गर्नुभएको थियो भने उहाँका निकटम प्रतिद्वन्द्वी नेकपा (एमाले) का भीमबहादुर गुरुङले ६ हजार ३६ मत प्राप्त गर्नुभयो । त्यस्तै, उपप्रमुखमा एमालेकी भवानी केसीले पाँच हजार १८ मत प्राप्त गर्दै विजयी हुनुभयो । उहाँको निकटम प्रतिद्वन्द्वी सत्ता गठबन्धनका उम्मेदवार एकीकृत समाजवादीका रामबाबु अधिकारीले दुई हजार २०४ मत प्राप्त गर्नुभयो । त्यस्तै, मध्यनेपालमा कांग्रेसका पाण्डेले ३३७ मतले एमालेका राजकुमार श्रेष्ठलाई पछि पार्दै विजयी हुनुभयो । पाण्डेले ६ हजार ५५१ मत प्राप्त गर्नुभयो भने, उहाँका प्रतिद्वन्द्वी एमालेका श्रेष्ठले ६ हजार २१४ मत प्राप्त गरेको निर्वाचन अधिकृत दुर्गाप्रसाद भुर्तेलले बताउनुभयो । पाण्डे यसअघिका प्रमुखसमेत हुनुहुन्छ । प्रमुखमा पराजित श्रेष्ठ यसअघिका उपप्रमुख हुनुहुन्छ । त्यस्तै, उपप्रमुखमा एमालेकी सीता गुरुङले सत्ता गठबन्धनका उम्मेदवार माओवादी केन्द्रका उपेन्द्र अधिकारीलाई एक हजार ३४२ मत अन्तरले हराउँदै विजयी हुनुभएको छ । उहाँले ६ हजार ४१६ प्राप्त गर्नुभयो भने, उहाँको निकटम प्रतिद्वन्द्वी उपेन्द्रले पाँच हजार ७४ मत प्राप्त गर्नुभयो । सुन्दरबजारमा २० हजार ७९६ मतदाता रहेकोमा १४ हजार ५२ मत खसेको थियो भने, मध्यनेपालमा २० हजार ९२ कूल मतदातामध्ये १३ हजार ७७१ मत खसेको थियो।

# नेपाल युगान्डासँग पराजित

**रासस**
**काठमाडौं, ५ जेठ**

नेपाल तेस्रो महिला टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिजमा युगान्डासँग फेरि पराजित भएको छ । कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको खेलमा नेपाल पाहुना टोली युगान्डासँग ६ विकेटले पराजित भएको हो।

यस जितसँगै युगान्डाले दुई खेलअगावै सिरिज जितेको छ । पाँच खेलको सिरिजमा युगान्डाले ३-० को अग्रता बनाएको छ। युगान्डाले पहिलो खेलमा नेपाललाई १२ रनले पराजित गरेको थियो भने दोस्रो खेलमा नेपाल युगान्डासँग १ विकेटले पराजित भएको थियो।

नेपालले दिएको एक सय रनको लक्ष्य युगान्डाले १८ दशमलव २ ओभरमा ४ विकेट गुमाएर पूरा गऱ्यो । युगान्डाको जितमा केभिन विनोले अविजित रहँदै ४२ रन जोडिन। यस्तै जेनेट बाबाजीले २७ रन जोडिन । बलिङतर्फ नेपालकी कविता कुँवरले दुई विकेट लिइन भने रुबिना क्षेत्री र इन्दु वर्माले समान एक/एक विकेट झारे । त्यसअघि टस जितेर पहिले ब्याटिङ थालेको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर ९९ रनको योगफल बनाएको थियो। नेपालका लागि ज्योति पाण्डेले सर्वाधिक ४७ रनको योगदान दिइन।

त्यसैगरी कप्तान रुबिना क्षेत्रीले अविजित रहँदै १८ रन जोडिन भने सीता रानामगर १२ रनमा आउट भइन्। त्यस्तै विन्दु रावलले ४ रन जोड्दा रोमा थापा र डोली भट्टले समान ३/३ रन जोडिन। सबनम राई र इन्दु बर्माले १/१ रन जोडिन।

बलिङमा युगान्डाका फिओना कुलुमे, कोन्सी अवेको र सराह अकिटेङले समान दुई/दुई विकेट लिए भने रीता मुसामाली र जनेत एम्बाबाजीले एक/एक विकेट लिए । पाँच खेलको महिला टी ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजअन्तर्गत नेपालले भोलि युगान्डासँग चौथो खेल खेल्नेछ।

# संस्कृत भाषामा आकर्षण

**रासस**
**काठमाडौं, ५ जेठ**

संस्थागत विद्यालयमा संस्कृत पढाउने क्रम बढ्न थालेको छ। अङ्ग्रेजी माध्यममा पढाइ हुने विद्यालयमा विद्यार्थी नेपालीमा कमजोर हुन थालेपछि सुधारका लागि संस्कृत भाषाको पठनपाठन गराउने क्रम बढेको हो।

विगत पाँच वर्षदेखि विभिन्न विद्यालयमा संस्कृत विषयका अध्यापन गर्दै आउनुभएका शिक्षक योगराज सापकोटा संस्थागत विद्यालयमा संस्कृत विषय पढाउने शिक्षकको खोजी भइरहेको बताउनुहुन्छ। संस्कृतिसँग जोडिएको विषय भएकाले पनि धेरै विद्यालयको आकर्षण संस्कृत विषयप्रति बढ्न थालेको हो । हाल उपत्यकाका करिब १०० वटा संस्थागत विद्यालयमा संस्कृतको अध्ययन अध्यापन हुन थालेको छ । अमेरिकी वैज्ञानिक संस्था नासाले गरेको अनुसन्धानमा कम्प्युटरमा सबैभन्दा सहजरुपमा राख्न सकिने भाषाका रुपमा संस्कृतको पहिचान गरेकाले पनि यसप्रति विद्यालयको आकर्षण बढेको हो।

संस्कृत सूत्रबद्ध भाषा भएकाले कम्प्युटरमा यसको प्रयोग सहज हुने नासाको अध्ययनले देखाएको छ । यसैकारण पनि विभिन्न देशमा संस्कृतको माग बढेको छ। संस्कृतको अन्तर्राष्ट्रिय बजार बन्न थालेपछि काठमाडौं उपत्यकाका अक्षरा, पाणिनी, गेटवे, भेलोसिटी, गुरुकुल संस्कारम्, दीपिका, वाग्मती, डिएभीलगायत विद्यालयमा संस्कृतको पठनपाठन भइरहेको छ। योगका कारण पनि संस्कृत भाषाप्रति आकर्षण बढेको शिक्षक सापकोटा बताउनुहुन्छ।

माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई दिएपछि पनि संस्कृत पढाउने पालिकाको सङ्ख्या बढेको छ । यसका लागि पाठ्यक्रम विकास केन्द्रले पाठ्क्रम र पाठ्यपुस्तकको व्यवस्था गरिदिएको छ । 'अस्माकम् संस्कृतम्' नामको पुस्तक कक्षा १ देखि १२ सम्म जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले प्रकाशन गरेपछि संस्कृत भाषा पढाउन चाहने विद्यालयका लागि सहज भएको जनाइएको छ।

# पर्वतको विहादीको अध्यक्षमा कांग्रेस, उपाध्यक्षमा एमाले

**पोखरापत्र संवाददाता**
**पर्वत, ५ जेठ**

पर्वतको विहादी गाउँपालिकाको अध्यक्षमा गठबन्धनका तर्फबाट उम्मेदवारी दिएका नेपाली कांग्रेसका परविन गुरुङ निर्वाचित हुनुभएको छ।

गुरुङ ३ हजार ४६९ मत ल्याएर विजयी हुनुभएको हो । उहाँले एमालेका ओम कुँवरलाई ५३२ मतान्तरले पराजित गर्नुभएको हो । कुँवरले २ हजार ९३७ मत ल्याउनुभएको छ । उपाध्यक्षमा एमालेकी मीना तिवारी निर्वाचित हुनुभएको छ।

तिवारीले ३ हजार २२७ मत ल्याएर विजयी हुँदा गठबन्धनका तर्फबाट माओवादी केन्द्रका सन्तबहादुर गुरुङले ३ हजार ५० मत ल्याउनुभयो ।यहाँ ६ वडामध्ये ३ वटामा एमाले, २ मा कांग्रेस र एउटामा माओवादी केन्द्र विजयी भएको छ। वडा नं १, ३ र ५ मा एमाले, वडा नं २ र ४ मा काँग्रेस तथा वडा नं ६ मा माओवादी केन्द्र विजयी भयो।

# म्याग्दीमा एमालेले चार र कांग्रेसले दुई पालिका जिते

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ जेठ**

स्थानीय तह निर्वाचनमा म्याग्दीमा नेकपा (एमाले) ले चार र कांग्रेसले दुई स्थानीय तहको नेतृत्व जितेका छन् । यसैगरी माओवादीले एक/एक वटा उपप्रमुख र उपाध्यक्ष, एमालेले तीन र कांग्रेसले एक उपाध्यक्ष जितेका छन् । अघिल्लो चुनावमा छ वटा प्रमुख, अध्यक्ष र उपाध्यक्ष जितेको कांग्रेसले यसपटक तीन वटा पालिकाको नेतृत्व गुमाएको छ।

नेतृत्वमा यसअघि शून्य रहेको माओवादीले यसपटक एक उपप्रमुख र एक उपाध्यक्ष जितेको छ। गत चुनावमा बेनीको उपप्रमुख र केही वडाको सदस्य जितेको राप्रपाले यसपटक कुनै पदमा विजयी हुन सकेन । अघिल्लो कार्यकालमा दुई अध्यक्ष र तीन उपाध्यक्ष जितेको एमालेले यसपटक एक नगरप्रमुख र तीन/तीन जना अध्यक्ष उपाध्यक्ष जितेको हो । यसअघि जितेको एमालेले मङ्गला र कांग्रेसले रघुगङ्गा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष जोगाएका छन् । एमालेले गुमाएको धवलागिरि गाउँपालिकाको अध्यक्षमा कांग्रेसका प्रेमप्रसाद पुन र उपाध्यक्षमा नेकपा (माओवादी केन्द्र)का रेशम पुन निर्वाचित हुनुभयो । यसअघि राप्रपाले जितेको बेनी नगरपालिकाको उपप्रमुखमा यसपटक नेकपा माओवादी केन्द्रका ज्योति लामिछाने पौडेल विजयी हुनुभएको छ । यसअघि कांग्रेसले जितेको बेनीको नगरप्रमुखमा एमालेका सुरत केसी, अन्नपूर्णको अध्यक्षमा भारत पुन, उपाध्यक्षमा दिवा तिलिजा, मालिकाको अध्यक्षमा बेगप्रसाद गर्बुजा र उपाध्यक्षमा लक्ष्मीदेवी घर्ती पुनः निर्वाचित हुनुभएको छ।

एमालेका शतप्रसाद रोकाले मङ्गला गाउँपालिकाको अध्यक्षमा दोस्रो कार्यकालका लागि विजयी हुँदा उपाध्यक्ष पनि सोही पार्टीकी पेमा अधिकारीले जित्नुभयो । कांग्रेसका भवबहादुर भण्डारीले रघुगङ्गा गाउँपालिकाको अध्यक्षमा दोस्रो पटक विजयी हुँदा कांग्रेसकै प्रेमकुमारी पुन उपाध्यक्षमा निर्वाचित हुनुभयो । वैशाख ३० गते भएको स्थानीय तह चुनावको म्याग्दीको सबै पालिका र वडाको मतगणना आज सकिएको छ। एमालेले २२, कांग्रेसले १७ र माओवादीले छ वटा वडामा जीत हासिल गरेका छन् । अघिल्लो स्थानीय चुनावमा एमालेले २३, कांग्रेसले १५ र माओवादीले सात वटा वडामा जितेका थिए । जिल्लाभर २३७ पदका लागि ७१८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए। कूल ८५ हजार ३७५ जना मतदाता रहेकामा ५६ हजार ५४३ अर्थात ६६.२३ प्रतिशत मत खसेको थियो।

**हार्दिक समवेदना**

जन्म
वि.सं. २०१२/०२/३१



स्वर्गारोहण
वि.सं. २०७९/०१/२५

स्व. हरि बहादुर केसी

यस चण्डिमाई सेवा समितिका आजिबन सदस्य हरि बहादुर केसीको ६७ वर्षको उमेरमा असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

तेज बहादुर भुजेल
अध्यक्ष तथा
श्री चण्डिमाई सेवा समिति परिवार
पोखरा-९, दरबारचोक

# बागलुङको बडिगाड अध्यक्षमा महिला निर्वाचित

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ जेठ**

बागलुङको बडिगाड गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसको गण्डकी थापा विजयी हुनुभएको छ । पाँच दलीय गठबन्धनको साझा उम्मेदवार थापा जिल्लामा एक मात्रै महिला पालिका प्रमुखमा निर्वाचित हुनुभएको हो ।

थापाले सात हजार २७३ मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी नेकपा (एमाले)का राजनकुमार पाइजाले पाँच हजार ७०० मत प्राप्त गर्नुभयो । पराजित राजनकुमार गाउँपालिकाका अध्यक्ष मेहरसिंह पाइजाका छोरा हुनुहुन्छ । विसं २०७४ को स्थानीय तह निर्वाचनमा पनि थापा पाइजाको प्रतिस्पर्धी हुनुहुन्थ्यो । ५९२ मतले मेहरसिंह पाइजासँग पराजय हुनुभएको थापा अहिले उहाँकै छोरालाई पराजित गर्दै विजयी हुनुभएको हो । गाउँपालिका उपाध्यक्षमा गठबन्धनकै उम्मेदवार राष्ट्रिय जनमोर्चाका भीमसेन वन विजयी हुनुभएको छ । वनले सात हजार १०३ मत प्राप्त गर्दा एमालेका मीनाकुमारी रायमाझीले पाँच हजार ७२७ मत प्राप्त गर्नुभएको छ । १० वडा रहेको बडिगाडमा एमालेले ३, कांग्रेसले ३, नेकपा (माओवादी केन्द्र)ले २ र राष्ट्रिय जनमोर्चाले एक स्थानमा विजय प्राप्त गरेका छन् । वडा नं १ मा राष्ट्रिय जनमोर्चाका बोमबहादुर थापा ६८३ मत, २ मा एमालेका ढालप्रसाद शेरचन ६८० मत, ३ मा एमालेका खड्कबहादुर पुन ६८९ र वडा नं ४ मा माओवादी केन्द्र)का मिलन रेश्मी ९७२ मतले विजयी हुनुभएको छ ।

यस्तै वडा नं ५ मा एमालेका विष्णुप्रसाद आचार्यले, ६ मा कांग्रेसका वीरबहादुर केसी ५३२ मत, ७ मा कांग्रेसका दीपेन्द्र केसी ७६९ मत, ८ मा एमालेका यामबहादुर श्रीष थापा ६८९ मत, ९ मा नेपाली कांग्रेसका कृष्णबहादुर केसी ६६५ र वडा नं १० मा माओवादीका वीरेन्द्रकुमार बुढा मगर ७७४ मतले विजयी हुनुभएको छ ।

# रोयल सहकारीको २१ औं स्थापना दिवस

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ५ जेठ**

स्याङ्जा सदरमुकाम पुलतीबजार नगरपालिकामा बसोबास गर्ने प्रतिष्ठित व्यवसायीहरुको सक्रियतामा २०५८ मा स्थापना गरिएको रोयल वचत तथा ऋण सहकारी संस्थाको २१ औं स्थापना दिवस जेठ ५ मा मनाईएको छ ।

दिवसको अवसरमा शुभकामना दिर्दै संस्थाका अध्यक्ष नारायणप्रसाद पौडेल र पूर्व अध्यक्ष भरतप्रसाद लम्सालले रोयल सहकारीले सहकारीको मुल मर्म अनुसार शेयर सदस्यको आर्थिक विकासमा महत्वपूर्ण टेवा पुऱ्याएको बताए । पछिल्लो समय सहकारीलाई ठूला लगानीकर्ताले कमाई खाने साधनको रुपमा लिएको दाबी गर्दै उनीहरुले सहकारी मार्फत शेयर सदस्यलाई आर्थिक उर्पाजनको माध्यामा जोडनुपर्ने बताए । सहकारीलाई सामुहिक विकासमा उपयोग गर्नुपर्ने उनीहरुको भनाई थियो । झण्डै ४ करोड बराबरको अधिकृत पुँजी रहेको रोयलले करिब ३५ करोडको आर्थिक कारोबार गर्दै आएको छ । कुल कारोबार रकमको झण्डै २० प्रतिशत रकम कृषिजन्य उत्पादनमा केन्द्रित रहेको छ । संस्थासँग झण्डै ६ करोडको व्यापारिक भवन पनि रहेको संस्थाका प्रबन्धक शान्ति अर्याल ढकालले जानकारी दिईन् ।

२१ औं स्थापना दिवसका अवसरमा सहकारीले शेयर सदस्यहरुलाई मोबाईल बैंकिङ् सेवा सुरुवात गरेको छ । सहकारी केहि समयभित्र मोबाईल एप्स सेवामा जाने तयारी गरिएको बताईएको छ । रोयल सहकारीले केहि वर्षदेखि जिल्लाभरका शेयर सदस्यहरुबीच सहकारी गतिविधि संचालन गर्दै आएको छ ।

त्यस अवसरमा संस्थाका सल्लाहकार शेरबहादुर राना, कोषाध्यक्ष बद्रिप्रसाद श्रेष्ठ, संचालक समितिका सदस्य दुर्गा लम्साल, सुजाता पौडेल, अनुगमन समितिका सदस्य ईन्द्रणी अधिकारी नारायणप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको संचालन रोयलका सचिव प्रकाश डोटेलले गरेका थिए ।

# नागरिकमा विकासको आशा

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ जेठ**

पहिलो पटक राष्ट्रिय जनमोर्चाले बागलुङका दश स्थानीय तहमध्ये एक नगरपालिकामा नेतृत्व गर्न पाएको छ । जैमिनी नगरको प्रमुखमा राष्ट्रिय जनमोर्चाका नरबहादुर पुन विजयी हुनुभयो ।

योसँगै जिल्लाभर रहेका चार नगरपालिकामध्ये राजमोले एक नगरमा नेतृत्व गर्ने अवसर पाएको हो । नेपाली कांग्रेस र नेकपा (एमाले)बाहेकका दलबाट नगरको नेतृत्वमा पुग्ने राजमो तेस्रो दल हो । यसपटक नेकपा (माओवादी केन्द्र)ले पनि बागलुङमा नगरको नेतृत्व गर्न पाएको छैन । यद्यपि, यसपटकको निर्वाचनमा गलकोट नगर र बागलुङ नगरको उपप्रमुखका नेतृत्व माओवादीले गर्न पाएको छ । माओवादीले गाउँपालिकामा भने यसअघि पनि नेतृत्व गरिसकेको छ । गत निर्वाचनमा ताराखोलामा नेतृत्व गरेको माओवादीले यो पटक पनि अवसर पायो । जैमिनी नगरमा अघिल्लो स्थानीय तह निर्वाचनमा मुख्य प्रतिस्पर्धी रहेको दल नेपाली कांग्रेससँग गठबन्धन गरेर पुन प्रमुख बन्नुभएको हो । अघिल्लो निर्वाचनको सहयात्री दल एमालेसँग राजमोले प्रतिस्पर्धा गरेको हो । सहकार्य फेर्दा नगरप्रमुख पुनसँग केही अवसर र केही चुनौती आउने देखिएको छ । स्थानीय तह गठनपछिको पहिलो निर्वाचनबाट नगरको नेतृत्व नपाएका दलहरू नेतृत्वमा पुगेपछि नगरवासीले 'जाँच नभएको दल पाएको' बताइन्छ । नेतृत्वमा नयाँ दल आएकाले सर्वसाधारणमा स्वभाविकरुपमा विकासे आशा देखिन थालेका हुन् । देशभर कमजोर शक्ति भए पनि बागलुङको बलियो शक्तिका रुपमा रहेको राजमोले नेतृत्व पाएको जैमिनी नगरमा प्रशासनिक सुधारका कामलाई मुख्यरुपमा सर्वसाधारणले लिने गरेका छन् ।

"नेतृत्वमा को आयो भन्दा पनि उसले काम कसरी गर्छ भन्ने हो, जितेकाहरूको परीक्षण सुरु भएको छ", जैमिनी नपा-१ का पूर्णप्रसाद शर्माले भन्नुभयो, "प्रशासनिक सुधार र पूर्वाधारको विकास हाम्रो नगरका मुख्य काम हुन्, उनीहरूप्रति आशावादी छौं, के के गर्नुहुन्छ, त्यो त हेर्न बाँकी नै छ ।" राजमोले यसअघि नेतृत्व पाएको बागलुङको बरेङ गाउँपालिका र उपाध्यक्ष पाएको काठेखोला गाउँपालिकामा सन्तोषजनक काम भएका प्रतिक्रिया आएका थिए । काठेखोलाको नेतृत्वमा एमाले थियो भने बरेङमा दुवै पद राजमोले नै पकड जमाएको थियो । जिल्लाभरका स्थानीय तहमध्ये गाउँपालिका र नगरमा फरक-फरक दलको नेतृत्वको अनुभव यसपटक बागलुङले लिने देखिएको छ ।

जैमिनीमा राजमो प्रमुखको भूमिकामा हुँदा उपप्रमुख नेपाली कांग्रेसले जितेको छ । बागलुङ नगर र गलकोट नगरमा कांग्रेस प्रमुखमा विजयी हुँदा माओवादीले उपप्रमुख जितेको छ । ताराखोलामा माओवादी केन्द्र अध्यक्ष र बरेङ गाउँपालिकामा राजमो अध्यक्ष हुँदा कांग्रेसले उपाध्यक्ष पाएको छ । निसीखोलामा कांग्रेसले अध्यक्ष र माओवादीले उपाध्यक्ष, तमानखोलामा कांग्रेसले दुवै पद पाउँदा काठेखोला र बडिगाड गाउँपालिकामा पनि मिश्रित नतिजा आएको छ । ढोरपाटन नगरमा एमालेले प्रमुखमा निर्वाचित हुँदा उपप्रमुखमा कांग्रेसको उम्मेदवार विजयी बनेका छन् । सबै नतिजाले जिल्लाका सबै स्थानीय तहमा फरक विचार भएका प्रमुख र उपप्रमुख रहने निश्चित छ । फरक विचार भएका दल स्थानीय तहको नेतृत्वमा आउँदा सर्वसाधारणले भने ' मिलेमतो र जनताको विपक्ष'मा हुने/गर्ने काम नहोला भन्ने आशा गर्न थालेको पाइएको छ ।

# दुई पालिकाको नेतृत्वमा महिला

**रासस**
**बागलुङ, ५ जेठ**

दश पालिका रहेको बागलुङको मतगणना सकिएको छ ।

बागलुङको मतपरिणाम आइसक्दा ८५ वडाध्यक्षमा सबै पुरुष विजयी भएका छन् भने एक पालिका अध्यक्ष र एक पालिका उपाध्यक्षमा मात्रै महिला निर्वाचित भएका छन् ।

बागलुङको एक पालिकाको नेतृत्व यसपटक महिलाले गर्ने भए पनि स्थानीयतहको निर्वाचन २०७४ को तुलनामा महिला जनप्रतिनिधि वडा सदस्यमा मात्रै सीमित भएको पाइएको छ ।

बागलुङका चार नगरपालिका र छ गाउँपालिकामध्ये २०७४ सालको निर्वाचनमा छ पालिकाका उपप्रमखु तथा उपाध्यक्षमा महिला थिए । अहिलेको निर्वाचनमा जिल्लाको बडिगाड गाउँपालिकाको अध्यक्षमा गण्डकी थापा अधिकारी र तमानखोला गाउँपालिकाको उपाध्यक्षमा हीराकुमारी छन्त्याल मात्रै निर्वाचित हुनुभएको छ । अन्य पालिकामा पुरुषले मात्रै नेतृत्व गर्ने भएका छन् । बागलुङमा एमालेले बागलुङ नगरपालिका बाहेक अन्य नौ पालिकाको उपप्रमुख र उपाध्यक्षमा महिला उम्मेदवार उठाए पनि जित्न सकेनन् । पाँच दलीय गठबन्धनका कारण गत निर्वाचनमा महिला नेतृत्व उपप्रमुख र उपाध्यक्ष पाएका गाउँपालिकाले समेत यस पटक महिला नेतृत्व गुमाउन परेको छ । संविधानमा पालिकाको नेतृत्वको दुई पदमा एक पदमा अनिवार्य महिला हुनुपर्ने व्यवस्थाको गठबन्धन र तालमेलका कारण कार्यान्वय हुन नसकेको हो ।

पालिकाको नेतृत्व महिला सहभागीको मात्रै कमी नभएर जिल्लाका ८५ वडा रहेको बागलुङमा वडाध्यक्षमा महिला नेतृत्व शून्य रहेको छ । गठबन्धले कांग्रेसबाट बडिगाडको अध्यक्षमा मात्रै महिला सिफारिस गरेको थियो भने तमानखोला गाउँपालिकामा नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)को छुट्टाछुट्टै उम्मेदवारी थियो ।

# मनाङमा निर्वाचित अध्यक्षले लिए शपथ

**रासस**
**मनाङ, ५ जेठ**

सबैभन्दा कम जनसंख्या भएको हिमाली जिल्ला मनाङमा स्थानीय तह निर्वाचनमा निर्वाचित अध्यक्षले शपथ लिएका छन् । चार गाउँपालिका रहेको मनाङमा उक्त निर्वाचनमा मिश्रित नतिजा आएको थियो ।

दुई पालिकामा नेकपा (एमाले) तथा दुई पालिकामा नेपाली कांग्रेसले जित हासिल गरेका हुन् । एमालेबाट निर्वाचित चामे गाउँपालिका अध्यक्ष लोकेन्द्रबहादुर घले र मनाङ डिस्याङ गाउँपालिका अध्यक्ष कान्छा घलेले शपथ लिनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

त्यस्तै कांग्रेसबाट निर्वाचित नार्पाभूमि गाउँपालिका अध्यक्ष कोन्जो तेन्जिङ लामा र नासों गाउँपालिका अध्यक्ष धनबहादुर गुरुङले शपथ लिनुभएको छ । एमाले तथा कांग्रेसबाट निर्वाचित अध्यक्षहरुले फरक-फरक दिनमा शपथ लिएको जनाइएको छ ।

त्यसैगरी पालिका अध्यक्षहरुले शपथ लिएसँगै वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र खुला सदस्यले पनि बुधबार शपथ लिएका छन् । शपथ लिएसँगै पालिका तथा वडामा कार्यको थालनी गरिएको नासों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले बताउनुभयो ।

# अनलाइनबाट व्यक्तिगत श्रम स्वीकृति

**रासस**
**काठमाडौं, ५ जेठ**

वैदेशिक रोजगार कार्यालय काठमाडौंले शुक्रबारदेखि अनलाइनबाटै नयाँ व्यक्तिगत श्रम स्वीकृति प्रदान गर्ने भएको छ ।

वैदेशिक रोजगारीसँग सम्बन्धित सेवा अनलाइनबाट प्रवाह गर्ने उद्देश्यअनुसार व्यक्तिगत श्रम स्वीकृति पनि अनलाइनबाट दिन लागिएको कार्यालयले जनाएको छ ।

कार्यालयले २०७८ माघ २ गतेदेखि पुनः श्रम स्वीकृति र २०७९ वैशाख २ गतेदेखि संस्थागत श्रम स्वीकृतिको काम अनलाइनबाट प्रदान गर्न थालेको छ ।

सेवा प्रवाह व्यवस्थित बनाइएसँगै कार्यालयमा दैनिक हुने हजारौंको भीड हटेको छ । हाल भौतिक उपस्थितिमा भइरहेको नयाँ व्यक्तिगत श्रम स्वीकृति र वैधानिकीकरणमार्फत हुने श्रम स्वीकृतिको काम पनि अनलाइनबाट मात्र हुने व्यवस्थासँगै कार्यालयले पूर्णरूपमा अनलाइन प्रणालीबाट मात्र सेवा प्रवाह गर्ने भएको छ ।

आधुनिक प्रविधिको प्रयोग गरी सहज र सरल तरिकाबाट छिटो छरितोरूपमा गुनासोरहित सेवा प्रदान गर्न मन्त्रालयले निर्देशन गरेसँगै सबै किसिमका श्रम स्वीकृतिको काम अनलाइन प्रणालीबाट गर्न लागिएको कार्यालय प्रमुख रमेश अर्यालले बताउनुभयो ।

गत आवमा वैदेशिक रोजगारीका लागि एक लाख ६७ हजार जनाको श्रम स्वीकृति भएकामा चालु आवको १० महिनामा पाँच लाख बढीको श्रम स्वीकृति जारी भएको कार्यालयले जनाएको छ ।

# म्याग्दीको अन्नपूर्णमा एमाले विजयी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ जेठ**

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेकपा (एमाले)का उम्मेदवार निर्वाचित भएका छन् ।

पोखरेबगरस्थित निर्वाचन अधिकृतको कार्यालयमा आज सम्पन्न मतगणनाको नतिजानुसार अध्यक्षमा भारतकुमार पुन र उपाध्यक्षमा दिवाकुमारी तिलिजा पुनः निर्वाचित हुनुभएको हो । निर्वाचन अधिकृत जानुका सुवेदीका अनुसार अध्यक्षमा विजयी पुनले चार हजार ५८ र उपाध्यक्षमा निर्वाचित तिलिजाले चार हजार १५ मत पाउनुभएको छ ।

कांग्रेसका बलबहादुर तिलिजाले गाउँपालिका अध्यक्षमा तीन हजार ३१६ र उपाध्यक्षमा ललिता तिलिजाले तीन हजार ३५८ मत पाउनुभएको छ ।

ह्र हजार २६ मतदाता रहेको अन्नपूर्ण गाउँपालिकामा ६४ प्रतिशत अथवा सात हजार ८०३ मत खसेको थियो । निर्वाचित हुने ४२ पदका लागि ९८ उम्मेदवार चुनावी मैदानमा थिए । आठ वडा रहेको अन्नपूर्णमा एमालेले पाँच र कांग्रेसले तीन वडा अध्यक्ष जितेका छन् ।

# लमजुङको क्व्होलासोथरमा एमाले विजयी

**पोखरापत्र संवाददाता**
**लमजुङ, ५ जेठ**

लमजुङको क्व्होलासोथर गाउँपालिकामा नेकपा (एमाले) विजयी भएको छ । अध्यक्ष, उपाध्यक्षसहित आठवटै वडामा एमाले उम्मेदवार विजयी भएका हुन् ।

निर्वाचन अधिकृत तुलसीप्रसाद घिमिरेका अनुसार अध्यक्षमा एक हजार ३६७ मतान्तरले सूर्यप्रसाद गुरुङ विजयी हुनुभएको छ । उहाँले तीन हजार ८५६ मत प्राप्त गर्नुभएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका टेकबहादुर गुरुङले दुई हजार ४८९ मत प्राप्त गर्नुभयो । मङ्गोल नेशनल अर्गनाइजेसनका भुवरजङ गुरुङले ५१ मत प्राप्त गर्नुभयो ।

उपाध्यक्षमा एमालेकै गमिमाया गुरुङ एक हजार ६४९ मतान्तरले विजयी हुनुभएको छ । उहाँले तीन हजार ९८९ मत प्राप्त गर्नुभएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी कांग्रेसकी सिर्जना गुरुङले दुई हजार ३४० मत प्राप्त गर्नुभयो । क्व्होलासोथरमा ९ हजार २९८ मतदाता रहेकामा ६ हजार ६५७ मत खसेको थियो ।

# नेपालद्वारा युगान्डालाई १०० रनको लक्ष्य

**रासस**
**काठमाडौं, ५ जेठ**

नेपालले तेस्रो टी-ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजमा पाहुना टोली युगान्डालाई जितका लागि १०० रनको लक्ष्य दिएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ थालेको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर ९९ रनको योगफल बनायो । नेपालका लागि ज्योति पाण्डेले सर्वाधिक ४७ रनको योगदान दिइन् ।

त्यसैगरी कप्तान रुबिना क्षेत्रीले अविजित रहँदै १८ रन जोडिन् भने सीता रानामगर १२ रनमा आउट भइन् । त्यस्तै विन्दु रावलले चार रन जोडदा रोमा थापा र डोली भट्टले समान तीन-तीन रन जोडिन् । सबनम राई र इन्दु बर्माले एक-एक रन जोडिन् । बलिङमा युगान्डाका फिओना कुलुमे, कोन्सी अवेको र सराह अकिटेङले समान दुई-दुई विकेट लिए भने रीता मुसामाली र जनेत एम्बाबाजीले एक-एक विकेट लिए ।

पाँच खेलको महिला टी ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजमा युगान्डा २-० ले अघि रहेको छ । युगान्डाले पहिलो खेलमा नेपाललाई १२ रनले पराजित गरेको थियो भने दोस्रो खेलमा नेपाल युगान्डासँग एक विकेटले पराजित भएको थियो ।


## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ९-१२)को अनुदान कोटामा रिक्त प्रशिक्षक र निजी कोटामा ल्याब असिष्टेन्ट पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०७९/०२/०४ को चलानी नं. ७१४/७१५ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र योग्यता पुगेका इन्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०२/०७८-०७९ | प्रशिक्षक | मा.वि.(९/१२) | बालीविज्ञान | द्वितीय | १ | अस्थायी/करार |
| २ | ०३/०७८-०७९ | ल्याब असिष्टेन्ट | - | बालीविज्ञान | - | १ | निजी |

१, विज्ञापन नं. ०२ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा स्नातक तह उत्तीर्ण गरेको, विज्ञापन नं. ०३ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषयमा JTA सरह उत्तीर्ण ।
२, छनौटका आधारहरु: लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
३, उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:
निवेदन, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको छायाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति ।
४, उमेर: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
५, दरखास्त दस्तुर विज्ञापन नं. ०२ का लागि रु १५००।- तिरेको सक्कल रसिद । विज्ञापन नं. ०३ का लागि रु १०००।- तिरेको सक्कल रसिद ।
६, दरखास्त दिने अन्तिम मिति तथा सम्पर्क मिति: २०७९ जेठ १८ गते कार्यालय समयभित्र ।
७, तलब स्केल: विज्ञापन नं. ०२ का लागि नेपाल सरकारको नियमानुसार । विज्ञापन नं.०३ का लागि विद्यालय व्यवस्थापन समितिसँगको आन्तरिक सहमतिमा ।
८, परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ । विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२० भलाम, कास्की**